# बुङ्गल नगरपालिकाको विनियोजन ऐन, २०७५

**नगर सभाबाट स्वीकृत मितिः २०७५।०३।३०**

**प्रस्तावना**

बुङ्गल नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बुङ्गल नगर सभाले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"बुङ्गल नगरपालिकाको विनियोजन ऐन, २०७५"** रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची–१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ८०,१६,९४०००।- (अक्षेरुपी असी करोड सोह्र लाख चौरानब्बे हजार रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त बुङ्गल नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची-१**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

रकम रु. हजारमा

| क्र. सं. | आय विवरण | अनुमानित बजेट | क्र. सं. | व्यय विवरण | अनुमानित बजेट |
|---|---|---|---|---|---|
| **क** | **नेपाल सरकारबाढ प्राप्त अनुदान** | **३८०५४०** | **क** | **चालु तर्फ** | **६५०००** |
| १ | संघीय सरकार | ३७१२०० | १ | कर्मचारीको तलव, सेवा सुविधा | २३६३७ |
| २ | प्रदेश सरकार | ९३४० | | जनप्रतिनिधिहरुको सुविधा | ७४०१ |
| ३ | नेपाल सरकारबाट प्राप्त अनुदान (सा.सु.वापत) | **९१५००** | २ | वडा कार्यालय ब्यवस्थापन खर्च | १४३०० |
| **ख** | **न.पा.को संचित कोषमा रहेको रकम (गत आ.व.को मौज्दात)** | २५००० | ३ | नगरपालिका कार्यालय ब्यवस्थापन खर्च | १९६६२ |
| **ग** | **आन्तरिक राजस्व** | **१०५००** | **ख** | **पूँजीगत खर्च** | **१२७५००** |
| **घ** | अन्य निकायहरुबाट अनुदान | **२९४१५४** | १ | समपुरक कोष | ५००० |
| | | | २ | कन्टिजेन्सी | ५००० |
| | | | ३ | नगर गौरबका योजनाहरु | ४०००० |
| | | | ४ | वडागत योजनाहरु | ७७००० |
| | | | ५ | अन्य कोष | ५०० |
| | | | **ग** | **विषयगत निकायको सशर्त खर्च** | **२०६५००** |
| | | | **घ** | **अन्य संस्थाहरुको समन्वयमा संचालित कार्यक्रम** | **२७५१३४** |
| | | | **ङ** | **क्रमागत योजनाहरु** | **२५०००** |
| | | | **च** | **सामाजिक सुरक्षा भत्ता** | **९१५००** |
| | | | **छ,** | **आन्तरिक तर्फ खर्च** | **१०५००** |
| | | | १ | चालु तर्फ | २१५० |
| | | | २ | पुजिगत खर्च (सार्वजनिक निर्माण) | ८३५० |
| | | | घ | आगामी आ.व.को लागि जिम्मेवारी सार्ने | ५६० |
| | कूल जम्मा आम्दानी | **८०१६९४** | | कूल जम्मा खर्च | **८०१६९४** |

## अनुसूची-२

### विषयगत शाखा, उपशाखा, इकाइहरुको बजेट बाँडफाँड

| सि.न. | विवरण (निकाय) | रकम (रु.हजारमा) | | |
|---|---|---|---|---|
| | | सशर्तअनुदान | समानीकरण | जम्मा |
| क | **बुगल नगर पालीका** | २०६५०० | १६४७०० | ३७१२०० |
| | **विषयगत सशर्त अनुदान** | | | |
| १ | कृषि बिकास | १६५८ | ० | १६५८ |
| २ | ग्रामिण जलश्रोत | १३२३१ | ० | १३२३१ |
| ३ | स्वास्थ्य | २२०१५ | ० | २२०१५ |
| ४ | पशु बिकास सेवा कार्यक्रम | १३४६ | ० | १३४६ |
| ५ | शिक्षा सम्बन्धी कार्यक्रम | १६१८९४ | ० | १६१८९४ |
| ६ | राष्ट्रिय ग्रामिण तथा नवकरणी उर्जा | २५९० | ० | २५९० |
| ७ | आयुर्बेद सेवा कार्यक्रम | २४६८ | ० | २४६८ |
| ८ | वन, वातावरण कवुलियती वन | ३६३ | ० | ३६३ |
| ९ | महिला विकास कार्यक्रम | ९३५ | ० | ९३५ |
| | जम्मा | ३७१२०० | १६४७०० | ३७१२०० |

बुङ्गल नगरपालिकाको सभाको मिति २०७५ असार ३० गतेको निर्णय नम्बर २ बाट पारित भएको **"बुङ्गल नगरपालिकाको विनियोजन ऐन, २०७५"** लाई बुङ्गल नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २५ को उपनियम (३) बमोजिम प्रमाणिकरण गर्दछु ।

धन बहादुर विष्ट

नगरप्रमुख

मिति : २०७५।०४।०१ गते मंगलबार